नेपाल धितोपत्र वोर्ड वाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

## प्रेस विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लिमिटेडले मिति २०७५/०७/२० गते मंगलबारदेखि सञ्चालनमा ल्याएको 'नेप्से अनलाईन कारोबार प्रणाली' का बारेमा विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा आएका विषयहरु प्रति हाम्रो ध्यानाकर्षण भएको छ ।

कारोबार दिनका आधारमा नयाँ प्रणाली सञ्चालनमा आएको नौं दिन पुरा भएको छ । यस अवधिमा कारोबार संख्या, कारोबार रकम, कारोबार भएको सेयर कित्ता लगायतमा क्रमिक सुधार आएको छ । नयाँ प्रणाली सञ्चालनमा आएको सुरुवाती दिनहरुमा देखिएका सानातिना समस्या निराकरण भएका छन् । नेप्सेको नयाँ प्रणालीका २० भाग छन । यीमध्ये धेरैजसो मुख्य भागहरुलाई सञ्चालनमा ल्याइएको छ । सहायक भागलाई क्रमिक रुपमा एकवद्ध गर्दै प्रणालीको स्तरोन्नति भइरहेको छ । यस क्रममा उत्पन्न हुन सक्ने सम्भावित समस्यालाई तत्काल समाधान गर्ने गरी जनशक्ति तथा कार्यप्रक्रियाको व्यवस्थापन गरिएको छ ।

नेप्सेको यो पहलमा सदस्य दलाल, सिडिएस एन्ड क्लियरिङ लि., क्लियरिङ बैंकहरु तथा लगानीकर्ताहरु बाट पूर्ण सहयोग प्राप्त भएको छ । नेपाल सरकार तथा नियमक निकायहरुबाट पनि हौसला प्राप्त भइरहेको छ । यस अर्थमा नेपालको पुँजी बजार खासगरी दोस्रो बजार कारोबारलाई प्राविधिक दृष्टिले विश्व स्तरमा पुऱ्याउने अनुकुल वातावरण निर्माण भएको अनुभव हामीलाई भइरहेको छ ।

यसै सन्दर्भमा केही सरोकारवालाहरुले अनलाईन कारोबार प्रणाली स्थापना भइसकेपछि सेयरको मूल्य तथा बजार परिसूचक बढ्न नसकेको गुनासो गरेको हाम्रो जानकारीमा आएको छ । सेयरको मूल्यमा घटबढ तथा अनलाईन कारोबार प्रणाली नितान्त अलग विषय हुन । सेयरको मूल्य निर्धारणमा माग र आपूर्ति सम्बन्धी बजारको नियमले काम गरेको हुन्छ । यसमा सम्बन्धित सूचीकृत कम्पनीको वित्तीय अवस्था, नाफा/नोक्सान, भविष्यको सम्भावना, व्यवस्थापन पक्ष, सञ्चालकहरुको छविले ठूलो भूमिका खेलेको हुन्छ

भने ती कम्पनीहरुलाई हेर्ने विद्यमान तथा सम्भावित लगानीकर्ताको दृष्टिकोणले पनि सेयरको मूल्यमा उतारचढाव ल्याउने गर्छ । अर्कोतिर अनलाईन कारोबार प्रणालीले सूचीकृत धितोपत्रहरुको खरिदबिक्रीमा सहजता ल्याउँछ । यसबाट कारोबारको संख्या र आकारमा मात्र वृद्धि हुन सक्छ । तसर्थ कसैले 'अनलाइन कारोबार प्रणाली आएपछि सेयरको भाउ बढ्छ' भन्ने किसिमको भ्रामक प्रचार गरिरहेको छ भने त्यसतर्फ सजग हुन नेप्से अनुरोध गर्दछ ।

यसैगरी लगानीकर्ताहरुबाट विद्युतीय माध्यमबाट तत्काल राफसाफ तथा फछ्र्यौटको व्यवस्था गर्न माग भएको छ । नेप्सेको अनलाइन कारोबार प्रणाली विद्युतीय माध्यमबाट राफसाफ तथा फछ्र्यौट गर्न सक्षम छ । सोही अनुरुप राफसाफ तथा फछ्र्यौटमा सामञ्जस्यता ल्याउने गरी क्लियरिङ बैंकले पनि प्रणालीको विकास गर्नुपर्ने हुन्छ । हाल नेप्सेसँग आवद्ध ४ वटा क्लियरिङ बैंकमध्ये एउटाले त्यस्तो प्रणालीको विकास गरिसकेको छ भने अन्य बैंकहरुले पनि यस सम्बन्धी तयारी गरिरहेका छन् । यसबाहेक नेप्सेले निश्चित मापदण्ड बनाएर क्लियरिङ बैंकहरु थप्ने गृहकार्य थालेको छ । नेपाल क्लियरिङ हाउस लिमिटेडसँग पनि यस सम्बन्धमा वार्ता भइरहेको छ ।

अत: नेप्सेको गतिविधि तथा कारोबार प्रणालीका सम्बन्धमा भएका आधारहिन सूचना सम्प्रेषणबाट सजग रहनु हुन नेप्से अनुरोध गर्दछ । कारोबारका सिलसिलामा लगानीकर्तालाई कुनै समस्या भए सोको किटानी गरी नेप्सेमा प्रत्यक्ष सम्पर्क गर्न, टोलफ्रि नम्बर (१६६००१२५०२५), इमेल वा भाइबरमार्फत गुनासो राख्न सकिनेछ । साथै नेप्सेको वेभसाइटमा राखिएको म्यानुअल र भिडियो बाट पनि सामान्य जानकारी लिन सकिने व्यहोरा अनुरोध छ ।

मिति : २०७५/०८/०५

मुराहरि पराजुली
प्रवक्ता